राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १६७ | २०८२ फाल्गुन १८ गते सोमवार | (Monday, 2 Mar., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### भोटको बेला मात्रै सम्झिने सुकुम्बासी बस्ती :

# चुनावमा अश्वासन, लालपुर्जामा धोका

राजकरण महतो

**बर्दिबास, फाल्गुन १७ गते ।**

बिहानको मधेस । रातु नदीको किनारमा फैलिएको कुहिरो बिस्तारै पातलो हुँदै जान्छ । खरको छानोमा रातभरि झरेको शीतका थोपा घामको पहिलो किरणसँगै टल्किन्छन्। गाईबस्तु बाँधेको खोरबाट आएको गन्ध, आँगनमा बालिएको गुइँठाको धुवाँ, चुल्होमा पाक्दै गरेको भातको बास्ना। यी सबैले थारू टोल बनरामा अर्को दिन सुरु भएको संकेत गर्छ। तर यो चहलपहलभित्र एउटा गहिरो त्रास र पीडा लुकेको छ। घर छ, आँगन छ, पुर्खाले टेकेको धर्ती छ। तर, कसैको हातमा लालपुर्जा छैन। ७ सय मतदाता रहेको महोत्तरीको भंगहा नगरपालिका-४ मा एउटा यस्तै बस्ती छ। बस्तीको नाम हो, थारू टोल बनरा। बस्तीवासीको पहिचान, सुकुम्बासी। जहाँ १२ सय गरिब तथा दलितका १ सय ८७ बढी घर परिवार बस्छन्। फागुन २१ को प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै यो बस्तीमा पनि भोट माग्न नेताहरूको दौडधुप बढेको छ।

यो बस्ती बसेको कम्तीमा पाँच–सात पुस्ता भइसक्यो। तर, झन्डै ३ दशकअघि उच्चस्तरीय सुकुम्बासी समस्या समाधान आयोगका पदाधिकारीले चलखेल गरेर पुरा बस्ती नै भू-माफियाका नाममा पारिदिए। ती गरिबले खनजोत गरेको करिब ४५ विघा अर्केका नाममा पुऱ्याइदिए। बसोबास गरेको जग्गाको लालपुर्जा पाउन भूमिहीन सुकुम्बासीहरू झन्डै २५ वर्षदेखि आन्दोलन गर्दै आएका छन्। यद्यपि,



मागको सम्बोधन भएको छैन। उनीहरूका माग प्रधानमन्त्रीसमक्षसमेत पुगिसकेको छ। तर, समस्या ज्युँका त्युँ छ। यहाँ गरिब तथा विपन्न थारू, मुसहर, बाँतर, तत्मा, चमार र यादवको थातथलो छ।

**'घर हाम्रो, जग्गा हाम्रो, लालपुर्जा अर्काको'**

लट्ठीको सहारामा उभिएका ७५ वर्षीय फेकु राम चमारको आँखामा बिहानको घामभन्दा बढी चिलचिलाउँदो पीडा छ। उनको कपाल सेताम्य छ, अनुहारमा समयले कोरेका मुज्जा छन्। तर, मन अझै हार मानेको छैन। 'पुस्तौंदेखि बसोबास गरेको १ कट्ठा जग्गा हो,' उनी भन्छन्, 'तर २०५४ सालमा कसैले पैसा खुवाएर हाम्रो बस्ती नै बाहिरकाको नाममा पास गरायो। घर हाम्रो, जग्गा हाम्रो, लालपुर्जा अर्काको। यस्तो कसरी भयो ?'

यो प्रश्न थारू टोल बनराका करिब ७ सय मतदाताको साझा प्रश्न हो। तर, नेताहरू अहिले प्रश्नको जवाफ दिन होइन, बस्तीमा भोट माग्न आन्द्राेदेखिको बल लगाइरहेका छन्। लालपुर्जा दिलाउने विगतको अधुरा वाचाले उम्मेदवारहरूलाई सुकुम्बासीसँग मत माग्न पसिना छुटाइरहेको छ।

२०५४ सालको उच्चस्तरीय सुकुम्बासी समस्या समाधान समितिले यहाँ कथित 'सुकुम्बासी' लाई होइन, 'हुकुम्बासी' लाई लालपुर्जा बाँडेको थुप्रै तथ्यहरू छन्। जसले पैसा दियो, उसले कागज पायो। 'जसले दिन सकेन, उसले पुर्खाको धर्तीमा समेत अधिकार गुमायो', स्थानीय फेकुरामले भने।

उनले जीवनमा धेरै चुनाव देखे। पञ्चायतदेखि गणतन्त्रसम्म। धेरै पार्टीका झन्डा बोक्नेहरू आए, हात जोडेर भोट मागे, जितेर गए। 'एक चिर्कोट लालपुर्जा हेरेर मर्ने इच्छा थियो,' उनी भन्छन्, 'तर त्यो पनि सपना नै हुने भयो।'

**थारू टोल बनरामा किन आउँछ चुनाव ?**

आशा बोकेर चुनाव आउँछ, र फर्किन्छ। थारुटोल बनरामा चुनाव कुनै चाडजस्तै आउँछ। नेताहरू झन्डा बोकेर आउँछन्। 'काका', 'काकी', 'दिदी', 'भैया' भन्दै ढोका-ढोकामा पुग्छन्। ७५ वर्षीय जितुवा मुसहर हरेक चुनावमा एउटै माग दोहोऱ्याउँछन्, 'हामी सुकुम्बासी हौं। पुस्तौंदेखिको बसोबास छ। हुकुम्बासीको लालपुर्जा बदर गरेर हाम्रो नाममा ल्याइदिनुस्।'

उनको मागमा नेताहरू टाउको हल्लाउँछन्। 'यसपालि पक्का' भन्छन्। तर, चुनाव सकिएपछि उनीहरू फेरि कहिल्यै फर्केर आउँदैनन्। जितुवाका लागि लालपुर्जा अब कुनै कानुनी कागज मात्र होइन, एक कथा अनि सपना बनेको छ। 'अब त बुढेसकाल लाग्यो,' उनी भन्छन्, 'एक औंठा जग्गाको लालपुर्जा हेरेर मर्ने इच्छा अधुरै रहने भयो। हाम्रो बस्तीमा किन आउँछ चुनाव ? हामीले थाहै पाउँदैनौ।'

**आन्दोलनमै बित्यो जीवन**

तीन दशकदेखि यो बस्तीले आन्दोलन गरिरहेको छ। सडकदेखि सिंहदरबारसम्म, गाउँको चौतारोदेखि माइतीघर मण्डलासम्म आवाज उठ्यो। तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)बाट जाँचबुझको आश्वासन आयो। तर, न्याय कहिल्यै आएन।

सात-आठ पुस्तादेखि स्थानीयले यस ठाउँमा घर बनाई खेतीपाती गर्दै वंश परम्परा चलाइरहेका छन्। २००५ सालपछि यो बस्ती बसेको स्थानीय बताउँछन्। २०५० को दशकमा राप्रपा र कांग्रेसको संयुक्त सरकार बनेको थियो। सूर्यबहादुर थापा नेतृत्वको सरकारले तत्कालीन सुगा गाविसका राप्रपाका नेता विश्वनाथ कर्णलाई सुकुम्बासी समस्या समाधान आयोगको धनुषा र महोत्तरी अध्यक्ष बनायो। जितुवा मुसहर भन्छन्, 'उनकै पालामा ती जग्गा ओखलढुंगा, मोरङ, भोजपुर, पर्सालगायत देशका विभिन्न जिल्लाका बासिन्दालाई हाम्रो बस्तीका जग्गाहरू वितरण भयो।' जग्गा प्राप्त गरेकाहरू वर्षौंसम्म चुप लागेर बसेको उनी बताउँछन्। जग्गाको मूल्य बढेसँगै केही वर्षयता

- बाँकी पृष्ठ ३ मा

## अब स्पष्ट कित्ताकाट गर्ने बेला आएको छ : अध्यक्ष ओली

द पब्लिक टुडे समाचारदाता

**गौशाला, फाल्गुन १७ गते ।**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मतदाताले अब स्पष्ट कित्ताकाट गर्ने बेला आएको बताएका छन्। आइतबार सामाजिक सञ्जालमार्फत् भिडिओ सन्देश जारी गर्दै उनले मतदाताले अब देश बनाउने बाटो रोज्ने कि भत्काउने भन्नेमा स्पष्ट हुनुपर्ने बेला आएको बताएका हुन्।

उनले भने, 'तपाईं राष्ट्र जोगिनुपर्छ भन्ने पक्षमा कि राष्ट्रको भविष्य जे भए होस् भन्ने पक्षमा? यतिबेला तपाईंले आफू कुन कित्तामा हो भनेर स्पष्ट पार्नुभएन र त्यसको लागि बोल्नुभएन भने इतिहासले होइन, तपाईं आफैंले आफैंलाई कहिल्यै माफ गर्नु हुने छैन।'

ओलीले अब मतदाताले एउटा बाटो रोज्नुपर्ने अवस्था सिर्जना भएको बताए।



एउटा निर्वाचित सरकारलाई अपदस्थ गराउन विध्वंस मच्चाएर प्रतिनिधिसभा विघटन गराइएको भन्दै उनले भने, 'एउटा निर्वाचित सरकारलाई अपदस्त गराउन र गराएर देशमा विध्वंश मच्चाइयो। भएको प्रतिनिधिसभा विघटन गरियो आज तपाईंले एउटा बाटो रोज्नुपर्ने भएको छ, बनाउने कि भत्काउने बाटो। निर्माणको कि ध्वंसको बाटो।'

ओलीले यस देशको अखण्डता, स्वाभिमान र राष्ट्रियताको सवालमा कसैसँग कहिल्यै सम्झौता नगरेको बताउँदै भने, 'अब तपाईंले पनि देश पहिले भन्ने दिन आएको छ। देश पहिले भनेको संविधान र नियम पहिले भनेको हो। देश पहिले भनेको भूमि र जनता पहिले भनेको हो। र देश पहिले भनेको संविधान र नियम पहिले भनेको हो।'

ओलीले थपे, 'देश पहिले भनेको सार्वजनिक सम्पत्ति पहिले भनेको हो। सिंहदरवार, अदालत, संसद, सडक, सरकारी कार्यालय, प्रहरी चौकी, सुरक्षा निकाय- यी सबै तपाईंको कर र भरोसाले बनेका हुन्। यी जल्दा तपाईंको भरोसा मात्र होइन तपाईंको सपना पनि जल्छ, जलेको छ। आज हामीलाई अब यी कहिल्यै नजल्ने ग्यारेन्टी चाहिएको छ। त्यस ग्यारेन्टीको लागि आज देश पहिले भन्ने भावना चाहिएको छ।'

## दुर्गा प्रसाईंलाई ५ दिन हिरासतमा राख्न अनुमति



द पब्लिक टुडे समाचारदाता

**गौशाला, फाल्गुन १७ गते ।**

राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई पाँच दिन हिरासतमा राख्न प्रशासनले अनुमति दिएको छ। जिल्ला प्रशासन कार्यालय भक्तपुरले प्रसाईंलाई हिरासतमा राख्न अनुमति दिएको हो। आइतबार मात्रै प्रसाई भक्तपुरस्थित आफ्नो निवासबाट पक्राउ परेका थिए। उनीविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान अघि बढाइएको छ। प्रसाई पछिल्लोपटक ४ फागुनमा काठमाडौंमा पक्राउ परेर १३ फागुनमा रिहा भएका थिए। उनलाई गैरकानुनी रूपमा हिरासतमा राखिएको दाबीसहित श्रीमती उमा प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र मेघराज पोखरेलको इजलासले धुनामुक्त गर्न आदेश दिएको थियो। उनले चुनाव नहुने भन्दै अभिव्यक्ति दिँदै आएका छन्।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# होली : रंग, लोकतन्त्र र सहिष्णुताको सन्देश

प्रेम, स्नेह र सद्भावको प्रतीक पर्व 'होली' देशभर हर्षोल्लासका साथ मनाउने हाम्रो समृद्ध साँस्कृतिक परम्परा हो । फागुन १८ गते पूर्णिमाका दिन पहाडी तथा तराईका केही क्षेत्रमा होली मनाइँदैछ भने मिथिलाञ्चल क्षेत्रमा पूर्णिमाको भोलिपल्ट धुमधामका साथ मनाउने चलन छ । रंग, अबिर र उमंगले भरिएको यो पर्व केवल रमाइलोको अवसर मात्र होइन, सामाजिक समरसता र आत्मशुद्धिको सन्देश बोकेको साँस्कृतिक धरोहर पनि हो ।

यस वर्षको होली विशेष सन्दर्भमा आएको छ । फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको चहलपहल,दल र उम्मेदवारबीचको तीव्र प्रतिस्पर्धा तथा राजनीतिक तिक्तताबीच होली मनाइँदै छ । लोकतन्त्रमा प्रतिस्पर्धा स्वभाविक र आवश्यक हो, तर त्यो स्वस्थ,सभ्य र नीतिगत हुनुपर्छ । वर्चस्वका लागि अस्वस्थ प्रतिस्पर्धा, आरोप-प्रत्यारोप, झडप वा हिंसाको जोखिमले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाउँछ । यस्तो अवस्थामा सरकारले कडा सुरक्षा व्यवस्था मिलाएको जनाएको छ, जुन जनताको जीउधनको सुरक्षाका लागि आवश्यक कदम हो । तर शान्ति र सुव्यवस्था कायम राख्ने जिम्मेवारी केवल राज्यको मात्र होइन,नागरिकको पनि उत्तकै हो ।

होलीले हामीलाई वर्षभरिका झैझगडा, मनमुटाव र गुनासा बिर्सेर परस्पर प्रेम र सद्भाव बाँड्न सिकाउँछ । रंगले जस्तै विविधतालाई स्वीकार गर्ने, भिन्न विचारलाई सम्मान गर्ने र असहमतिको बीच पनि सहअस्तित्व कायम गर्ने संस्कार नै सुदृढ समाजको आधार हो । निर्वाचनको प्रतिस्पर्धा सकिएपछि पनि हामी एकै समाजका सदस्य हौं, एकै देशका नागरिक हौं भन्ने चेतना जीवित राख्नु अत्यावश्यक छ । दल र उम्मेदवारहरुका लागि पनि होली सहिष्णुता, संयमता र आत्मसमीक्षाको अवसर बन्न सक्छ ।


लोकतन्त्रको सौन्दर्य बहस, विचार र विकल्पमा हुन्छ, हिंसा र वैमनस्यतामा होइन । मतदातालाई प्रभाव पार्ने नाममा द्वेष फैलाउने, सामाजिक सद्भाव बिगार्ने वा साम्प्रदायिक विभाजन निम्त्याउने प्रवृति कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । होलीको रंगले जस्तै हाम्रो लोकतन्त्र पनि उज्यालो, खुला र समावेशी हुनुपर्छ ।

त्यसैले, विगतका तीतो व्यवहार बिर्सेर आफूलाई पुनर्ताजगी गरौं । सामाजिक र सांस्कृतिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै मर्यादित, सभ्य र सुरक्षित ढंगले होली मनाऔं । भावी पुस्ताले अनुसरण गर्न सक्ने सहिष्णु, जिम्मेवार र गौरवपूर्ण राजनीतिक-साँस्कृतिक विरासत निर्माण गर्नु आजको आवश्यकता हो । होली पर्वको पावन अवसरमा हाम्रा प्रबुद्ध पाठक, विज्ञापनदाता, शुभेच्छुक तथा सहकर्मी लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । रंगीन उत्सवले हाम्रो समाजमा शान्ति, एकता र सद्भावको उज्यालो सन्देश फैलाओस् ।

## राशिफल

मेष - सौभाग्य प्राप्त हुनेछ ।
वृष - रमाईलोमा दिन बित्ने ।
मिथुन - झमेला व्यहोर्नुपर्ला ।
कर्कट - व्यवसायमा फाइदा हुने ।
सिंह - काम प्रारम्भ हुने ।
कन्या - समस्या निम्त्याउने ।
तुला - रोकिएको काम पुरा हुनेछ ।
वृश्चिक - धन लाभ हुने ।
धनु - आम्दानी भन्दा खर्च बढी हुनेछ ।
मकर - चिन्ता बढ्ने ।
कुम्भ - कर्जा लिनुपर्ला ।
मिन - फड्को मार्ने समय छ ।

# स्मृति, अपमान र राजनीतिक विडम्बना




डा. बालकृष्ण साह

*विचार*

मधेस आन्दोलन केवल सीमांकन, नागरिकता वा प्रतिनिधित्वको विषय मात्र थिएन । त्यो आन्दोलन दशकौंदेखि थिचिँदै आएको पहिचान, उपेक्षा र असमान व्यवहारविरुद्धको सामूहिक आवाज थियो । तर विडम्बना के रह्यो भने, संविधानसभाबाट तत्कालीन सद्भावना पार्टीका पाँच सभासदले राजीनामा दिँदा '२-४ वटा आँप झरेर केही हुँदैन' भन्ने गैरजिम्मेवार टिप्पणी गरियो । शान्तिपूर्ण प्रतिरोधका रूपमा गरिएको मानव घेरालाई 'माखे साङ्लो' जस्ता शब्द प्रयोग गरेर होच्याइयो । ती अभिव्यक्तिहरू व्यक्तिगत आवेग मात्र थिएनन् । ती राज्यसत्ता र सत्तानिकट राजनीतिक संस्कृतिमा गहिरो रूपमा जरा गाडेको मधेसप्रतिको अवहेलनाको प्रतिबिम्ब थिए ।

२०६३ पछि मधेसमा पटक-पटक आन्दोलन भए । विशेषत: २०६३-६४ को पहिलो मधेस आन्दोलन र २०७२ सालको संविधानपछिको आन्दोलनमा सयौँ घाइते र दर्जनौँ शहीद भए । ती आन्दोलनहरूले संघीयता, समावेशी प्रतिनिधित्व, समान नागरिकता र राज्य संरचनामा मधेसको सम्मानजनक स्थानको माग गरेका थिए । तर आन्दोलनकै समयमा प्रयोग गरिएका अपमानजनक शब्द र व्यवहारले मधेसी नागरिकको पीडामाथि थप चोट पुर्‍यायो ।

लोकतन्त्रमा असहमति स्वाभाविक हुन्छ । त आन्दोलनमा ज्यान गुमाएका नागरिकप्रति गरिने भाषिक हिंसा कुनै पनि अर्थमा स्वीकार्य हुँदैन । यद्यपि त्यस्तो हुन सकेन । तत्कालीन प्रदेश-२ (अहिलेका मधेश प्रदेश) ले आँप र माखे (झिंगा) संग तुलना गरेका दललाई बढी मत दियो । त्यो दलको भावनालाई अनुमोदन गरे । २०७२ सालको संविधानले संघीयता, समानुपातिक समावेशिता र मौलिक हकको प्रत्याभूति गर्ने वाचा गर्‍यो । कागजमा मधेसी, जनजाति, दलित र महिलाका अधिकार सुनिश्चित गरिए । तर व्यवहारमा हेर्दा, प्रतिनिधित्व र पहुँच अझै असमान देखिन्छ । मधेस प्रदेशमा जनसंख्या अनुपातअनुसारको प्रभाव केन्द्रमा झल्किएको छैन । संघीयता अधिकार प्रत्यायोजनभन्दा बढी प्रशासनिक संरचनामा सीमित भएको अनुभूति आज पनि मधेसमा व्यापक छ । संविधान संशोधनका सवाल, नागरिकता ऐनका विवाद, सीमाङ्कनप्रतिको असन्तुष्टि अझै कायम छन् । यी सबै विषयले मधेसको मुद्दा अझै समाधान भइसकेको छैन । त्यसैले मधेस आन्दोलनलाई हल्का टिप्पणीमा झार्ने प्रवृत्ति केवल इतिहासप्रतिको अज्ञानता होइन, वर्तमानप्रतिको गैरजिम्मेवारी पनि हो भन्दा फरक नपर्ला ।

मधेसको अर्को यथार्थ श्रम र आप्रवासन हो । रोजगारीको खोजीमा काठमाडौं उपत्यका तथा अन्य शहरमा पुगेका हजारौँ मधेसीहरू अनौपचारिक क्षेत्रमा काम गर्छन् । साइकिलमा तरकारी र फलफूल बेच्ने, कवाडी संकलन गर्नु, साना व्यापार गर्नु अपराध थिएन । यी सबै श्रमका इमानदार रूप हुन् । तर शहरमा साइकलमा व्यापार गर्न पाइँदैन जस्ता प्रशासनिक निर्णयका नाममा ती श्रमिकहरूलाई काठमाडौं छोड्न बाध्य बनाइयो ।

यसले श्रमलाई समस्या र गरिबीलाई अपराधजस्तै व्यवहार गर्ने राज्यको मानसिकता उजागर गर्‍यो । सांख्यिक रूपमा हेर्दा, काठमाडौं उपत्यकाको अनौपचारिक श्रम बजारमा मधेस र तराई क्षेत्रबाट आएका श्रमिकहरूको हिस्सा उल्लेखनीय छ । तिनै श्रमिकको पसिनाले शहरको दैनिक जीवन चलायमान छ, तर संकट पर्दा तिनैलाई सबैभन्दा पहिले हटाइन्छ । समावेशी राज्यको अवधारणा व्यवहारमा कति कमजोर छ भन्ने प्रष्ट देखिन्छ ।

अझ गम्भीर विडम्बनाका रूपमा अझ प्रष्ट हुन थालेको छ । जसले एक समय ती श्रमिकहरूलाई काठमाडौं छोड्न बाध्य बनाए । आज त्यही समूह र त्यही राजनीतिक धारका मानिसहरू मधेसमा खाँटी मधेसी भएर उदाएका छन् । आफ्नो राजनीतिक आवश्यकता पर्दा मधेसी पहिरण र भाषामा सजिएका छन् । नयाँ ती नेताहरूले मधेसमा पहिलेदेखि 'जिउँदाको जन्ती, मर्दाको मलामी' भएर साथ दिँदै आएका नेताहरूलाई समेत पराई बनाउन खोजिरहेका छन् । चुनावी गणित, सत्ता समीकरण वा क्षणिक लाभका लागि सम्बन्धको पुन:परिभाषा गरिनु नयाँ कुरा होइन । तर मधेसका सन्दर्भमा यो प्रवृत्ति झनै पीडादायी छ । पटक-पटक प्रयोगमा आएका छन् र सफल पनि भएका छन् ।

उपयोग पर्दा अपनत्व, असहज पर्दा दूरी, यस्तो दोहोरो मापदण्डले मधेसलाई केवल साधनका रूपमा प्रयोग गरिएको अनुभूति गराएको छ । मधेसले पटक-पटक साथ दिएको छ, विश्वास गरेको छ, तर बदलामा स्थायी सम्मान र विश्वास कहिले पाएको छैन । कहिले आफ्नै मधेसीबाट धोका पाएका छन्, त कहिले मधेसी बनेर आएकाहरूबाट धोका पाएका छन् ।

सहनशीलता हाम्रो कमजोरी होइन । हामी मधेसीका विशेषता नै सहनशीलता भएको छ । मधेसले अपमान सहेको छ, सम्झौता गरेको छ । तर राज्यलाई अस्थिर बनाउने बाटो कहिल्यै रोजेको छैन भन्ने यथार्थको साक्षि नेपालको ईतिहास छ । सहनशीलता कमजोरी होइन । स्मृति मेटिँदैन, अपमान बिर्सिँदैन । लोकतन्त्रको मर्म केवल मतमा होइन, व्यवहारमा प्रकट हुनुपर्छ । मधेशले व्यवहार र मतमा अपमान देखाउन सकेनन् । तर अब बुझ्न आवश्यक छ ।

संविधान, संघीयता र समावेशी प्रतिनिधित्व केवल नारा होइनन्, ती व्यवहारमा देखिनुपर्छ । सम्मान, समानता र इमानदार व्यवहार बिना कुनै पनि राजनीतिक दाबी टिकाउ हुँदैन । मधेसमा त झनै हुनु हुदैन । मधेसलाई बुझ्न चाहनेहरूले आन्दोलन मात्र होइन, आन्दोलनप्रतिको भाषा, श्रमिकप्रतिको व्यवहार र राजनीतिक स्वार्थका नाममा गरिने दोहोरो मापदण्डको पनि आत्मसमीक्षा गर्नैपर्छ । र यसपटक मधेसले मत दिने बेलामा मधेस केवल भोट बैंक होइन भनेर स्थापित गर्नैपर्छ ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

जनकपुरधाम, धनुषा

### बोलपत्रको आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८२/११/१८*

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामको मिति २०८२/११/१७ गते को निर्णयानुसार तपसिलको ठेक्का नं. तपसिलको मितिमा सुचना प्रकाशन भएको वोलपत्रको मूल्यांकन समितिको सिफारिस अनुसार उक्त ठेक्काको आर्थिक प्रस्ताव निम्न बमोजिमको स्थान, मिति र समयमा खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | सूचना प्रकाशित मिति | बोलपत्र नं. | कामको विवरण | प्राविधिक प्रस्तावबाट छनौट भएको बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|---|
| १. | २०८२/०९/३० | IFB No. MP/ PHLMC/NCB/ GOODS-2/2082-83 | The Procurement and Supply of Medicine for Basic and Emergency Service. | Lav Medical Jaleshwor 4, Mahottary | PHLMCJanakpurdham, dhanusha, Date 2082-11-25, 2:00 pm |

**Director**

# सहिद परिवारको दुखेसो कसैले...

तर केही पनि हुन सकेन ।" सिभिल इन्जिनियरिङ अध्ययन गरिरहेका दिलीप पढाइको अन्तिम सङ्घारमा पुगेको बेला सुरक्षाकर्मीको गोली लागेर सहादत प्राप्त गरेका थिए । सहिद दिलीपका जेठा दाजु पृथ्वीनारायण चौरसियाले मधेस र मधेसका जनताको अधिकार प्राप्तिका लागि आफ्ना भाइहरूले ज्यान गुमाए पनि मधेसका राजनीतिक दल तथा नेताले सत्तामा अघि बढ्ने भऱ्याङ मात्रै बनाएको आरोप लगाए । "राजनीतिक नेताले हामीजस्ता सहिद परिवारलाई बिर्से," उनले भने, "जुन उद्देश्य र जुन अधिकार प्राप्त गर्नका लागि हाम्रा भाइहरूले ज्यान गुमाए, सो उपलब्धि संस्थागत नहुँदा मन दुख्छ ।"

मधेश आन्दोलनका सहिद परिवार मात्रै नभएर मधेश आन्दोलनका जिउँदा सहिद मुन्सी पटेल पनि अहिले दिक्दारी व्यक्त गर्छन् । जिउँदा सहिद पटेल गत माघ ८ गतेदेखि नारायणी अस्पतालको सर्जिकल वार्डको शय्या नं. ११० मा पुरानो घाउ बल्झिएर उपचाररत छन् । नेपालको संविधान जारी भएको दिन अर्थात् २०७२ असोज ३ गते सुरक्षाकर्मीले चलाएको गोली लागेर उनको कम्मरमुनिको भाग चल्दैन । गोलीकै कारण बेलाबखत उनको पुठ्ठामा लागेको चोट बल्झिएसँगै अस्पतालमा भर्ना भएर उपचारको क्रममा छन् । "मधेश आन्दोलनका क्रममा पाएको चोटले अझैसम्म पनि दुख दिन छाडेको छैन," उनले भने, "हामीले संविधानमा भएका केही प्रावधानको विरोध गर्दै आन्दोलनमा होमिएका थियौँ तर अहिले आफ्नो अवस्था भने विजोग भएको छ ।" "मधेश आन्दोलनका क्रममा धेरै आमाको कोख रित्तियो । धेरै श्रीमतीको सिन्दूर पुछियो तर यहाँका राजनीतिक दलले सहिद तथा घाइते परिवारलाई बिर्सिएको देख्दा निकै दुःख लाग्छ," उनले भने ।

पर्सामा प्रतिनिधिसभा सदस्य निर्वाचनका चार क्षेत्र छन् । चार क्षेत्रबाट स्वतन्त्रसहित १०७ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सामा शान्ति सुरक्षाको उचित प्रबन्ध मिलाउँदै आएको बताए । पर्सामा १६७ वटा मतदानस्थल छन् । तीमध्ये ६२ मतदानस्थल अतिसंवेदनशील, ८५ संवेदनशील र २० कम संवेदनशील सूचीमा राखिएका छन् ।

# मिथिला मध्यमा परिक्रमा...

असजिलो नहुने मिश्रले प्रस्ट्याए । मिथिला माध्यमिकी परिक्रमा अघि त्रेतायुगमा श्रीराम र सीताजीले विवाहपश्चात विहार गर्ने क्रममा घुमफिर गर्नुभएका पदचापको अनुशरण मानिन्छ ।

प्राचीन मिथिला (विदेह) राज्यको राजधानी जनकपुरधामलाई केन्द्र (माझ)मा राखेर १३३ किलोमिटरको बृत्तमा १५ दिन गरिने मध्यमा परिक्रमामा मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा छ । यस यात्रामा सरिक हुने नेपाली र भारतीय उत्तिकै हुन्छन् । यात्रामा को भारतीय र को नेपाली भनेर नचिनिने जलेश्वर-५ पतैलीका बासिन्दा मैथिल संस्कृतिविद् ध्रुवराय बताउछन् ।

"यो यात्रा साधुसन्तले भनेजस्तै साँच्चै अलौकिक छ, अनि आनन्द र निस्फिक्रीको पनि", राय भन्छन्, "यात्राको सवल पक्षमा नेपाल भारतका सांस्कृतिक सम्बन्धका कुरा छन्, यस यात्रामा नेपाल-भारत दुवै देशका क्षेत्र र नागरिक सम्मिलित हुन्छन्, यो हाम्रो बहुआयामिक सम्बन्धको सेतु पनि हो ।" फागुन औँसीदेखि सुरु भई शुक्लपक्षभरिका १५ दिनको यो यात्रामा १५ रात्रिबासको परम्परा छ । जसमा नेपालतर्फ ११ र भारततर्फ मधुवनी जिल्लामा चार रात बिताइने गरिन्छ । यो यात्रामा दोस्रो, तेस्रो, १३ औं र १४ औं दिनको रात्रिबास भारतको मधुवनी जिल्लाका क्रमशः कल्याणेश्वर (कलना), फुलहर (गिरिजास्थान), करुणा र बिसौलमा गरिन्छ । नेपालतर्फ ११ दिनमा छ धनुषा र पाँच महोत्तरीमा गरिन्छन् । मिथिला माध्यमिकी परिक्रमाका कथाबस्तु सबै नेपाल-भारतका समान छन् । श्रीराम भारतीय र सीताजी नेपालकी छोरी । यो वैवाहिक सम्बन्धदेखि नै यता दुवैतर्फ बिहाबारी सघन हुँदै आएको परिक्रमाको १३औं दिनको रात्रि विश्रामस्थल रहेको मधुवनी जिल्लाको करुणाका बासिन्दा ७० वर्षीय श्रीनिवास पाण्डे बताउछन् । यी सांस्कृतिक परम्पराले राज्यराज्यबीचको सम्बन्धलाई अझ सुदृढ गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका प्राचार्य हेमनारायण लाल कर्णको भनाइ छ ।

परिवारमा कसैलाई डेंगी लागेको छ भने
अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने

सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने

लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने

घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने

घर वरपर पानी जम्न नदिने

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी

# भोटको बेला मात्रै सम्झिने सुकुम्बासी...

लालपुर्जावालाहरूले जग्गाको कानुनी स्वामित्व आफूसँग रहेको भन्दै स्थानीयलाई घरखेत खाली गर्न धम्क्याइरहेका छन् । जसमा स्थानीय जनप्रतिनिधि र भूमाफियासमेत संलग्न रहेको आरोप स्थानीयको छ ।

थारू टोलको बिचबाट महोत्तरीको सदरमुकाम जलेश्वर जाने बर्दिबास-पथलैया-रौजा-जलेश्वर सडक खण्ड विस्तार भएको छ । त्यस सडकको दुवैतिर थारू टोल बनरा बस्ती छ । यहाँको जग्गा प्रतिकठ्ठा २०-३० लाखसम्म बिक्छ । जितुवा मुसहरका अनुसार आफू बसेको ६ कठ्ठाको २१ लाख रुपैयाँ पर्ने जग्गा दलालहरूले लालपुर्जा देखाएर मागिरहेका छन् । उनी भन्छन्, 'हामीलाई त २१ सय पनि देख्न मुस्किल छ । म कहाँबाट २१ लाख ल्याउँ हजुर ?' कसरी थाहा भयो जग्गा खोसिएको भन्ने प्रश्नमा जितुवा मुसहर थप्छन्, 'जब दलालहरू गाउँ पस्न थाल्यो । अनि हामी बसेको जग्गा अर्कोले लालपुर्जा बनाएको कपरकोइयाँ (हल्लीखल्ली) भयो । अनि हामी जग्गा फर्काउन आन्दोलनमा उत्रियौं ।'

स्थानीय शिक्षक विजय प्रसाद सिंह भन्छन्, 'त्यो बेला नापी टोली आयो । नक्सा बनायो । तर लालपुर्जा लुकी-लुकी जिल्ला बाहिरकाको नाममा बाँडियो । जसले पैसा दियो, उसले पायो ।'

**संगठित अपराध र भ्रष्टाचारको नमुना**

बस्ती पुग्दा पीडैपीडाको चाङमा थिचिएर बसिरहेका छन् थारू टोल बनराबासी । जसको घर छ, उसको नाममा जग्गा छैन । जो यहाँ कहिल्यै बसेन, उसको नाममा बिघौं जग्गा छ । वीरगन्जका गौरी शंकरको नाममा १५ कठ्ठा, महोत्तरीको एकडाराको शेष नारायण झाको नाममा १ बिघा, महोत्तरीको रघुनाथपुरका शत्रुधनप्रसाद कायस्थको नाममा १ बिघा, पिगौनाको दीपेन्द्रप्रसाद साहको नाममा १० कठ्ठा जग्गा रहेको सरकारको आधिकारीक स्रेस्ताले देखाउँछ । त्यसैगरी महोत्तरीकै भिखारी मण्डलको नाममा १५ कठ्ठा, बथनाहाको जितेन्द्र ठाकुरको नाममा १५ कठ्ठा र रितादेवी कायस्थको नाममा १५ कठ्ठाको लालपुर्जा रहेको बर्दिबास मालपोत कार्यालयको तथ्यांकले देखाउँछ । भंगहाको कामेश्वर चौधरीको नाममा १० कठ्ठा र भोजपुरको टक्सारका हरिप्रसाद श्रेष्ठको नाममा १ बिघा जग्गा छ । यी केही उदाहरण मात्रै हुन् । जग्गा वितरण गरिएको त्यो बेलाको कागजात अझै खोजीकै क्रममा छ । यो केवल प्रशासनिक त्रुटि होइन । यो सुकुम्बासीको जीवनमाथिको संगठित अन्याय र भ्रष्टाचार रहेको भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पीताम्बर महतो सुनाउँछन् । '२०५४ सालमा गैरकानुनी रूपमा वितरण गरिएको लालपुर्जा खारिज गर्न बस्तीबाट २ सय उजुरी आयोगको कार्यालयमा आएको छ । उजुरीमाथि छानबिन भइरहेको छ,' उनले भने ।

रातु नदी किनारका बस्तीबासी तड्पेर पल पल मरिरहेका छन् । थारू टोल बनराको पूर्व-पश्चिम बग्छ रातु नदी । नदीले धार फेऱ्यो, बस्तीले पनि ठाउँ फेऱ्यो । बाढी आयो, घर सारियो । फेरि छानो टाँगियो । फेरि जीवन सुरु भयो । तर, अहिलेको त्रास बाढीभन्दा ठूलो छ । बस्तीकी ७० वर्षीय रामसुनर थरुनी भन्छिन्न्, 'बाहिरको मान्छे लालपुर्जा देखाउँदै आउँछ । मेरो जग्गा होभन्दै घर उठाएर धपाउन खोज्छ । अब कता जाउँ ?'

उनको चार कठ्ठा जग्गा छ । तर कागज छैन । उनले गाउँको वडा कार्यालयदेखि प्रधानमन्त्री कार्यालयसम्म धाइन् । तर माग सुनुवाइ भएन । 'चुनाव आयो कि हात जोड्दै नेताहरू आउँछन्,' उनी भन्छिन्, 'तर हाम्रो समस्या कहिल्यै समाधान गर्दैनन् । अब कसलाई विश्वास गर्ने ? हामी धेरै ठूलो दलदलमा फसेका छौं ।'

उनकी छिमेकी ६० वर्षीया कपलेश्वरी राम बिहानै दौडिँदै आइन् । कसैले भनिदिएको रहेछ– लालपुर्जा बाँड्ने मान्छे आएको छ । 'सर, मेरो पनि नाम लेख्नुस्,' उनले हतारिँदै भनिन्, 'म पनि सुकुम्बासी हुँ । पापीहरूले जग्गा हड्पे ।' उनको आठ जनाको परिवार छ । पाँच कठ्ठा जति जग्गा छ । तर कागज छैन । बस्तीमा आइतबार भूमि समस्या समाधान आयोगका विज्ञ सदस्य डा. जगत बस्नेत र आयोगका महोत्तरी अध्यक्ष पीताम्बर महतो बस्तीको समस्या बुझ्न पुगेका थिए ।

'एक औंठा जग्गाको लालपुर्जा छैन,' कपलेश्वरी भन्छिन्, 'हाम्रो बसोबास भएको जग्गा सुगावालाको नाममा छ ।' उनको स्वरमा रिस झल्कन्छ । तर त्यो रिसभन्दा ठूलो थकान छ । रातको निद्रा हराएको छ । बस्तीका अर्का श्याम सरबार बाँतर र लाल सरदार बाँतर दाजुभाइ छन् । चार कठ्ठा जग्गामा दुईवटा फुसको घर छ । तर लालपुर्जा अरूको नाममा । 'राति सुत्न पनि डर लाग्छ,' श्याम भन्छन्, 'कहिले आउँछ, घर उठाइदिन्छु भनेर ।' यो डर केवल कानुनी हैन । अस्तित्वको डर हो । घर गुम्यो भने उनीहरू कहाँ जान्छन् त ? रातु नदीले बगाएको ठाउँमा या कि सहरको फुटपाथमा ?

**चुनावको 'युज एन्ड थ्रो' राजनीति**

थारू टोल बनराका ७ सय मतदाता चुनावको नतिजा उल्टाउन सक्ने हैसियत राख्छन् । त्यसैले हरेक पार्टी यहाँ आउँछन् । लालपुर्जा दिलाउने वाचा गर्छ । भोट लिएर जान्छन् । स्थानीय कैलाश सिंह भन्छन्, 'नेताहरू संसद्मा गएपछि यो बस्तीको नामसमेत उच्चारण गर्दैनन् ।' बस्तीकी ४४ वर्षीया सुनिता महरा थप्छिन्, 'चुनावमा नेताहरू भोट माग्ने बेला गाई बनेर आउँछन् । जितेपछि बाघजस्तै गर्जिन्छन् । अर्को भेट फेरि चुनावमै हुन्छ ।' उनको छ जनाको परिवार छ । 'एक औंठा जग्गाको लालपुर्जा दिलाउने भनेर भोट लिन्छन्, तर काम गर्दैनन् । अब नयाँलाई मौका दिने सोच छ ।'

**'सुकुम्बासी भएर बाँच्नुभन्दा मर्नु बेस'**

जीवन सम्झिँदा गीता देवी सरदारलाई नुन नलागेको तरकारीजस्तो खल्लो लाग्छ । सबै थोक हुँदा हुँदै बसोबास गरेको जग्गाको एउटा चिर्कटा नहुँदा पीडामाथि पीडाको पहाड थपिएको छ । बोल्दा उनको आवाज काँप्छ । भन्छिन्, 'हुकुम्बासीहरूले पलपल तड्पाउँछन् । नेताहरू पनि उनीहरूभन्दा कम छैनन् । जिताउनुस्, लालपुर्जा दिलाउँछौं भन्छन् । पुरानै वाचा दोहोऱ्याउँछन् ।' स्थानीय मनोज कुमार सिंह भन्छन्, 'ठूला बडाहरूको मिलेमतोमा बस्तीको जग्गा कब्जा भयो । सीडीओको ड्राइभरको नाममा पनि जग्गा छ, जसको घर भोजपुरमा छ । यस्तो कसरी भयो ?' तीन दशक भयो, यो प्रश्नको उत्तर आजसम्म कसैले दिएका छैनन् थारू टोल बनरा बासीलाई ।

**आखिर यस्तो कहिलेसम्म ?**

चुनाव आउँछ, नेताहरूले थारू टोल बनराबासीसँग लालपुर्जा दिलाउने वाचा गर्छन् । तर संसद्मा पसेपछि समस्या बारे कुरो पनि नउठाउने गरेको स्थानीय कैलाश सिंह बताउँछन् । 'सुकुम्बासी बस्तीको भोटमा नेताहरू जितेर जान्छन् तर आज सम्म यो बस्तीको बारेमा कहिले संसद्मा आवाज उठाइसकेको छैन,' उनी भन्छन् । तीन दशक बिते । सरकार फेरिए । संविधान आयो । गणतन्त्र आयो । तर, थारू टोल बनराका सुकुम्बासीको हातमा आजसम्म संविधानमा लेखिएको अधिकार अर्थात् सुकुम्बासीको हातमा एक औंठा जग्गाको लालपुर्जा नपरेको जितुवा मुसहर बताउँछन् ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# ‘मुलुकलाई समृद्ध बनाउन सबैं दलसँग सहकार्य आवश्यक छ’



राष्ट्रिय समाचार समिति

*नुवाकोट, फाल्गुन १७ गते ।*

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सम्पूर्ण राजनीतिक दलहरुसँगको सहकार्यले पाँच वर्षमा मुलुकलाई समृद्ध बनाउन सकिन बताएका छन् ।

नुवाकोटको विदुर नगरपालिका-४ बट्टारमा आइतबार आयोजित ‘चुनावी सभा’लाई सम्बोधन गर्दै सभापति थापाले कांग्रेसले मुलुकमा भइरहेका बेथिती अन्त्य गर्न सम्पूर्ण पक्षलाई साथमा लिन आवश्यक भएको बताए ।

“पाँच वर्षमा देशमा व्यापक सुधार गर्न सकिन्छ । यसलाई कांग्रेसले मूख्य सङ्कल्प लिएर अघि बढेको छ”, सभापति थापाले भने, “अहिलेको तुलनामा पाँच गुणा बढी काम गर्छौं । सजग र सचेत भएर मुलुकमा कुनै अप्रिय घट्ना हुन दिन्नौं ।” चुनावमा स्वच्छ प्रतिस्पर्धा गर्नुपर्छ भन्ने अठोटले दलहरुबीच गठबन्धनको अभ्यासलाई अस्वीकार गर्दै अघि बढेको उल्लेख गर्दै सभापति थापाले कांग्रेस देश सञ्चालन गर्न सबै पक्षसँग सहकार्य गरेर अघि बढ्ने बताए । देश विकासका लागी पूर्वाधार निर्माणका क्षेत्रमा देखिएको समस्यादेखि किसानले समयमा नै मल पाउन नसकेका विषयसम्म कानूनी अवरोधको चुनौती रहेकाले अब बन्ने सरकारले त्यसलाई सुधार गर्दै जनताका स-साना समस्यालाई पनि महत्वका रुपमा लिने उनले विश्वास दिलाए ।

# मिथिला मध्यमा परिक्रमाः सांस्कृतिक सम्बन्धको निरन्तरता

राष्ट्रिय समाचार समिति

*महोत्तरी, फाल्गुन १७ गते ।*

मिथिला माध्यमिकी परिक्रमाका यात्री दोहोर्याएर भारत पुगेका छन् । पन्ध्र दिने यो परिक्रमामा दोस्रो र तेस्रो दिन भारतको मधुवनी जिल्लाको कल्याणेश्वर (कलना) र गिरिजास्थान (फुलहर) मा बिताएका यात्री फेरि १३औं दिन शनिबार भारत पुगेका हुन् ।

यात्राको उत्तरार्द्धतिर १३औं दिन मधुवनीकै करुणामा शनिबार रात बिताएका यात्री आइतबार १४औं दिन मधुवनीकै बिसौल पुगेका थिए । बिसौलमा परिक्रमाका यात्री मध्यान्हसम्म सबै पुगेका थिए । आईतबार बिसौलको रात्रिबासपछि अन्तिम अर्थात् १५औं दिन सोमबार यात्री जनकपुरधाम पुग्नेछन् । महोत्तरी, धनुषा र मधुवनी जिल्लाका तीर्थस्थलहरूको परिक्रमा गरिने यो यात्रा नेपाल-भारत सांस्कृतिक सम्बन्धको अनुपम उदाहरण भएको सीमा वारिपारिका बासिन्दा बताउँछन् । सीमापारिका भारततिर गुप्तामात्र नभएर आम सर्वसाधारण र जनप्रतिनिधिहरू पनि सीमा वारिपारिका नेपाली र भारतीय दुई फरक देशका नागरिक भए पनि दुःखसुख एकआपसमा बाँड्दै आएका बताउँछन् । नेपाल-भारतबीच सांस्कृतिक आदानप्रदानका कैयौं अवसर छन् । यीमध्ये साउन शुक्लपक्षमा मनाइने झुलापर्व, कात्तिक शुक्लपक्षमा मनाइने छठ, मङ्सिर शुक्लपक्षको पञ्चमी तिथिमा मनाइने रामजानकी विवाह महोत्सव,



फागुन शुक्लपक्षको मिथिला माध्यमिकी परिक्रमा र होली पर्व मुख्य छन् । यी धार्मिक तथा सांस्कृतिक उत्सवमा नेपाल र भारतका साधुसन्तदेखि घरगृहस्थीका सर्वसाधारणसम्म एकाकार हुँदै आएका नेपालतर्फ महोत्तरीको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल बताउछन् ।

“मिथिला माध्यमिकी परिक्रमाको चौथो दिन भारतको गिरिजास्थानबाट मटिहानी आउने यात्री मधवापुर बजारहुँदै आउँछन्, ती सबैलाई मधवापुरबासी स्वागत गर्दै नेपालतिर ल्याउँछन्”, उनी भन्छन्, “बीचको दशगजा वारिपारिका हामी बासिन्दा छौँ, यो भूगोल थाहा नपाएका कुनै नयाँ यात्री हामीलाई (मटिहानी र मधवापुरवासी) हेरेर फरक देशका नागरिक भनेर खुट्याउनै सक्दैनन् ।” दुवैतर्फका बोली, रीतिथिति, वेशभूषा र चाडपर्व समान हुँदा वारिपारि आउजाउ गर्दा कहिल्यै फरक देशको अनुभूति नहुने गरेको तत्कालीन मधवापुर ग्रामपञ्चायतका सरपञ्च बलराम मिश्र बताउँछन् । विगतमा नेपालका एफएम रेडियोहरूमा लामो समय विभिन्न कार्यक्रम प्रस्तुत गरेको हुँदा नेपाली बोल्न, लेख्न र पढ्न

*- बाँकी पृष्ठ ३ मा*

# ‘सहिद परिवारको दुखेसो कसैले बुझ्नेनन्’

राष्ट्रिय समाचार समिति

*वीरगञ्ज, फाल्गुन १७ गते ।*

मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिद धर्मराज सिंह राजपुतको ६० वर्षीय आमा कलावतीदेवी सिंह राजपुतको मन भने अहिले पनि खिन्न छ । दश वर्षअघि आफ्नो २२ वर्षे छोरा गुमाएकी कलावतीदेवीको मुहारमा अझैसम्म पनि उत्साहको सञ्चार हुन सकेको छैन ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारहरू भोट माग्नका लागि उनको घरदैलोमा हिँडिरहेका दृश्य देख्दा आफ्नो मन छियाछिया हुने गरेको उनी दुःखेसो पोख्छिन् । “मेरो छोराले देशका लागि सहादत प्राप्त गर्‍यो,” उनले भनिन्, “हामी सहिद परिवारको दुःख भने कसैले बुझिदिएनन्,” उनले गहभरि आँसु झार्दै भनिन्, “हाम्रो छोराले मधेश आन्दोलनको क्रममा सहादत प्राप्त गर्‍यो तर कसैले पनि हाम्रो परिवारको दुःखलाई हेर्ने काम गरेका छैनन् ।” सहिद परिवारले भोग्नुपरेको पीडाबारे कसैले वास्ता नगरेको उनको गुनासो छ ।

“राजनीतिक दलका नेताले सहिदहरूलाई केबल राजनीति गर्ने सिँढी मात्रै बनाउने काम गरे,” उनले भनिन्, “सहिद परिवारले भोग्नुपरेको पीडा र दुःखलाई कसैले पनि बुझ्ने प्रयास गरेनन्,” उनले भनिन्, “सहिद धर्मराजसिंह राजपुतका दाजु करण सिंह राजपुतले दुई वर्षअघि साना तथा घरेलु उद्योग कार्यालय वीरगञ्जमा करारको जागिर पाएका थिए । तर, उनको करारको अवधि थप नभई दैनिक ज्यालादारीमा झारेपछि र नियमित तलब पनि नपाएकाले जागिर नै छोड्नुपरेको गुनासो गरे । “हाम्रो परिवारको आम्दानीको स्रोत पनि राम्रो छैन । भएको करारको जागिरको पनि म्याद थप नभएपछि छाडेको हुँ, हामी सहिद परिवार त राजनीति गर्नेका लागि टेको मात्रै हुने रहेछौँ,” करणले भने ।

सहिद राजपुतको २०७२ भदौ १५ गते सुरक्षाकर्मीको गोली लागेर निधन भएको थियो । सहिद हुनु केही दिन अघिसम्म उनी धर्मराज सशस्त्र प्रहरी बल नेपालमा कार्यरत थिए ।

मधेश आन्दोलन चर्किएसँगै भाइले सशस्त्र प्रहरी बलबाट राजीनामा दिएर आन्दोलनमा होमिएको दाजु करणले स्मरण गरे । “करारको जागिर जोगाउन मैले धेरै हन्डर खाएँ तर कतैबाट पनि सहयोग नपाएपछि अन्ततः छोड्ने निर्णय गरेँ,” उनले भने ।

मधेस आन्दोलनका सहिद धर्मराज सिंह राजपुतको परिवार मात्रै होइन, अर्को सहिद दिलीप चौरसियाका ६० वर्षीय आमा रामज्योति चौरसियाका आँखा पनि आफ्नो छोरा दिलीपको यादले अझै पनि रसाउँछन् ।

वीरगञ्ज महानगर-२२ स्थित आफ्नो आँगनमा टोलाएर बसिरहेकी आमा रामज्योतिलाई आफ्नो छोराले ज्यान गुमाएको हिजोजस्तै लाग्छ । तर, मधेस आन्दोलनका क्रममा दिलीप चौरसियाको २०७२ भदौ १४ गते निधन भएको थियो । “कान्छो छोरा आइहाल्छ जस्तै लाग्छ,” भावुक हुँदै आमा रामज्योतिले भनिन्, “छोराको निधनपछि मधेसमा केही परिवर्तन होला भन्ने आशा राखेका थियौं

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री